पञ्चपुरि नगरपालिका स्वयम सेवक शिक्षक व्यवस्थापन कार्यविधि २०८०

पञ्चपुरी नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा न्यून दरवन्दि तथा उच्च शिक्षक विद्यार्थीअनुपातलाई मध्यनजर गरी शिक्षकको माग पुर्ती गर्न विद्यालयको पठनपाठनमा सहजता प्रदान गर्ने र शैक्षिक गुणस्तरमा सुधार ल्याउने उद्येश्यले नेपालको संविधान २०७२ को अनुसुची ८ मा उल्लेखित स्थानिय तहको एकल अधिकारको सुचि एवं स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ ज मा उल्लेखित आधारभुत तथा माध्यमिक शिक्षा व्यवस्थापन वान्छनिय भएकाले नगरपालिका को विद्यालय शिक्षा सम्वन्धी ऐन २०७४ को आधारमा यो कार्यविधि बनाई जारी गरिएको छ।

## परिच्छेद१

प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः**

१ यो कार्यविधिको नाम पञ्चपुरी नगरपालिका स्वयम सेवक शिक्षक व्यवस्थापन कार्यविधि २०८० रहेको छ।

२ यो कार्यविधि पञ्चपुरी नगरपालिका को कार्यपालिका वाट स्विकृत भएको दिन देखि लागु हुनेछ।

३ यो कार्यविधिले यस समय भन्दा अघि गरिएको स्वयमसेवक शिक्षक को व्यवस्थापनलाई समेत समर्थन गर्दछ।

**२परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क विद्यालय भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्विकृति लिई संचालनमा रहेको सामुदायिक विद्यालय सम्झिनुपर्छ।

ख समिति भन्नाले स्वेम सेवक शिक्षक छनौट समिति भन्ने सम्झनुपर्छ।

ग स्वयम सेवक शिक्षक भन्नाले पञ्चपुरी नगरपालकाको शिक्षा समितिवाट स्विकृत कोटामा शिक्षा क्षेत्र परीक्षा व्यवस्थापन कार्यविधि २०७९ को प्रकृयाद्वारा नियुक्ति भएको सम्वन्धित तहका शिक्षक सम्झिनु पर्दछ।

घ कार्यपालिका भन्नाले पञ्चपुरी नगरपालिका को नगर कार्यपालिका लाई सम्झिनु पर्छ।

ङ एकमुष्ट अनुदान भन्नाले विद्यालयको भौतिक आर्थिक शैक्षिक शुद्दढिकरणका लागि विद्यालयको तत्काल आइपरेको समस्या समाधान गर्न एकमुष्ट रुपमा दिइने आर्थिक वा अन्य सहायता भन्ने सम्झनुपर्दरछ।

च व्यवस्थापन समिति भन्नाले संघिय शिक्षा ऐन को दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झिनुपर्छ।

छ शैक्षिक शुद्दढिकरण अनुदान भन्नाले पञ्चपुरी नगरपालिकाका नगर स्वयम सेवक शिक्षकलाई प्रदान गरिने सेवा सुविधा का लागि नगर सभाले स्विकृत गरेको कार्यक्रम वा एकमुष्ट अनुदान भन्ने सम्झिनुपर्दछ।

## परिच्छेद २

## दरबन्दि सृजना योग्यता र छनौट तथा नियुक्ति प्रकृया

## ३स्वयंसेवक शिक्षकको अनुदान दरबन्दी सृजना गर्न सक्ने

१ नगरसभाबाट स्विकृत कार्यक्रम अनुसार नगर शिक्षा समिति ले विभिन्न विद्यालयको आवश्यकताको आधारमा तहगत स्वयंसेवक शिक्षक तथा कर्मचारी को दरबन्दी सृजना गर्न सक्नेछ।

**२स्वयमसेवक शिक्षकको कोटा  दरबन्दी वितरण देहायबमोजिम मापदण्डका आधारमा वितरण गरिनेछ।**

क शुन्य दरबन्दी भएको विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने।

ख एकजना मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने।

ग विद्यालयमा संचालित कक्षा , तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने।

घ आधारभुत तह मावि तह संचालित विद्यालयको हकमा विषयगत दरबन्दिलाई समेत आधार लिई दरबन्दि वितरण गरिनेछ।

ङ विद्यालयको शैक्षिक अवस्था सुधार गर्ने वा कमजोर नतिजा लाई सुधार गर्ने।

**४ स्वयम सेवक शिक्षकको योग्यता तथा तालिम सम्वन्धि व्यवस्था**

विद्यालय का तहगत स्वयम सेवक शिक्षक को शैक्षिक योग्यता नेपालको शिक्षक सेवा आयोग २०५७ले तोकिय वमोजिम  र अन्य कर्मचारी को योग्यता पञ्चपुरी नगरपालिका शिक्षा क्षेत्र परीक्षा  व्यवस्थापन कार्यविधि २०७९ वमोजिम  हुनेछ।

**५सेवा सुविधा सम्वन्धि व्यवस्था**

१ शिक्षा समिति ले  स्विकृत गरेको कोटा वा दरबन्दीलाई पञ्चपुरि नगरपालिकाको सभा वाट स्विकृत कार्यक्रम शैक्षिक शुद्दढिकरण  अनुदान शीर्षक बाट शिक्षा समितिले तोकेर १२ महिनाको तलव, चाडपर्व खर्च र पोशाकको समेत व्यस्था गर्न सक्नेछ।

२ पञ्चपुरी नगरपालिकाको शिक्षा समिति को निर्णय बमोजिम जुनसुकै बखत र जुनसुकै विद्यालयको स्वयमसेवक कोटा वा दरबन्दीको सेवा सुविधा थप घट गर्न ,एक विद्यालयको कोटा अर्को विद्यालयमा सार्न ,वि व्य स को सहमति विना स्वयं सेवक शिक्षक बरखास्त गर्न र आवश्यक भएमा कोटा वा दरबन्दि खारेज समेत गर्न सक्नेछ।

**६ स्वयम सेवक शिक्षक का सर्तहरु**

क स्वयम सेवक शिक्षकको कार्यअवधि बढिमा १ वर्षको हुनेछ र शिक्षा समिति को समन्वय मा करार म्याद थप गर्न सकिने छ।

ख नियुक्ति पाएको विद्यालयमा नियमित पठन पाठन गर्नु पर्नेछ।

ग विद्यालयम कुनैपनि खालको नकारात्मक प्रभाव पार्न पाइने छैन ।

घ शिक्षा समिति को निर्णय वा आदेशलाई अक्षरांश पालना गर्नुपर्नेछ।

**७स्वयम सेवक शिक्षक देहायको अवस्थामा निष्कासित हुन  सक्ने छ।**

**१ स्वयम सेवक शिक्षक लाई देहायको अवस्थामा वि व्य स ले निष्कासित गर्न वा पदबाट हटाउन सक्नेछ।**

क सम्झौता बमोजिमको अवधि समाप्त भएमा ।

ख शारीरिक अवस्थाका कारण नियमित कामकाज गर्न असमर्थ भएमा ।

ग खराव आचरण प्रदर्शन गरेमा

घ विना सुचना १५  दिन सम्म विद्यालयमा अनुपस्थित रहेमा

ङ विद्यार्थीको शिक्षण सिकाइमा असर पार्ने तथा मर्यादा विपरित कार्य गरेमा

च फौजदारि अभियोग लागेमा

छ भ्रष्टाचार गरेमा

ज अनुशासन हिन कार्य गरेमा

२ विद्यालय व्यवस्थापन समितिले प्रयाप्त आधार र प्रमाण सहित निर्णय गरि वर्खास्त गर्न सक्नेछ।तर निजलाइ सफाई पेश गर्ने मौका समेत दिनुपर्नेछ।प्रमाण अपुग देखिएमा शिक्षा समिति ले सो वि व्य स को निर्णय लाइ पुनरविचार वा बदर गर्न समेत सक्नेछ।

# परिच्छेद ३ एकमुष्ट अनुदान सम्वन्धी व्यवस्था

## ८ विद्यालय एकमुष्ट अनुदान सम्वन्धी व्यवस्था

**कः** विद्यालयहरुको भौतिक, आर्थिक ,शैक्षिक शुद्दढिकरण का लागि तत्काल विद्यालयमा आइपरेका समस्या लाइ समाधान गर्न नगर सभावाट विद्यालयको आवश्यकतालाई ध्यानमा राखी मागका आधारमा विद्यालयलाई नगरपालिकाले विभिन्न शिर्षक ,उपशिर्षक मा एकमुष्टअनुदान रकम वा अन्य सहायता प्रदान गर्न सक्नेछ।

**खः** एकमुष्ट अनुदान निश्चित विद्यालय र निश्चित रकम एक आर्थिक वर्षका लागी विद्यालयको नाम र एकमुष्ट रकम नगर सभाबाट पारित गरि स्विकृत कार्यक्रमका रुपमा एकमुष्ट निकासा गर्न सक्नेछ।

**गः** नगरपालिकाले आवश्यकता अनुसार एकमुष्ट अनुदान जुनसुकै वेला थप घट वा खारेज समेत गर्न सक्नेछ।

**घः** विद्यालयले एकमुष्ट अनुदान विद्यालयको आवश्यकता को आधारमा भोतिक ,शैक्षिक, मानविय ,सुचना प्रविधि आदि विविध क्षेत्र व्यवस्थापन मा प्रस्ताव माग गरी खर्च गर्न सक्नेछ।

## ९एकमुष्ट अनुदान प्रदान गर्ने प्रकृया

**कः** नगरसभावाट एकमूष्ट अनुदान प्राप्त गर्ने विद्यालय को नाम र प्राप्त गर्ने रकम स्पष्ट छुट्याउनु पर्नेछ।

**खः** विद्यालय निश्चित भएपस्चात विद्यालयले सो रकम कुन शिर्षक मा खर्च गर्ने हो वि व्य स को निर्णय सहित प्रस्ताव पेश गर्ने ।

**गः** प्रस्तावका आधारमा विद्यालयमा एकमुष्ट अनुदान प्रदान गर्ने

**घः**विद्यालयले आफ्नो विद्यालयमा प्राप्त भएको एकमुष्ट रकमको खर्च अनुसार प्रतिवेदन पेश गर्नुपर्नेछ।